puspas.com.np

# पाठ १३

# जय भुँडी

भैरव अर्याल

**शब्दार्थ**

| | |
|---|---|
| अठार पुराण | : देवी देवता, तीर्थ, सृष्टि, स्थिति आदिका महात्म्यको वर्णन गरिएका धर्मग्रन्थहरू, हिन्दु समाजमा परम्परादेखि चलिआएका मनुष्य, देवता, दानव, आदिका कथा |
| वेदव्यास | : वेदलाई चार भागमा बाँडी वर्तमान रूपमा सङ्कलन गर्ने तथा पुराणका रचयिता एक ऋषि |
| दृष्टान्त | : उदाहरण |
| परलोक | : धर्म तथा पुराणअनुसार मरेपछि प्राणीको आत्मा गएर रहने ठाउँ, स्वर्ग |
| देवाधिदेव | : देवताका पनि देवता, शिव, विष्णु |
| मार्क्स | : राजनीतिक साम्यवाद र दार्शनिक द्वन्द्वात्मक भौतिकवादका प्रणेता, जर्मनीका एक प्रसिद्ध विद्वान् |
| अधिष्ठात्री | : देवतामध्ये सबैभन्दा बढी मानिएकी देवी, सरस्वती |
| संहार | : बिग्रने, नासिने र स्वाहा हुने काम, ध्वंस, हत्या |
| विश्वामित्र | : क्षत्रीय वंशमा उत्पन्न भएका एक महर्षि, सप्तर्षिमध्ये एक |
| नैष्ठिक | : नियममा बस्ने शुद्ध आचरण पालना गर्ने |
| ब्यारेक | : सैनिकहरू बस्ने सरकारी घर, छाउनी, सैनिक शिविर |
| सदाचारी | : असल चाल चलन वा आचरण भएको |
| कुम्भकर्ण | : छ महिनासम्म सुत्ने भनी प्रसिद्धि पाएको रावणको माहिलो भाइ, धेरै सुत्ने, सुताहा |
| गोसाइँथान | : रसुवा जिल्लामा पर्ने लामटाङ हिमालका काखमा रहेको एक प्रसिद्ध तीर्थस्थल |
| परचक्री | : शत्रु, आफन्तबाहेक अर्को व्यक्ति |
| ठन्डाराम | : खान नपाएर मरेको वा सकिएको भाव बुझाउने |
| हाउडे | : आफ्नो काम, कर्तव्यमा चासो नराख्ने तर अरूसित लिने वा पाउने कुरामा ठुलो मुख बनाउने |
| देहि | : देऊ |
| सुरसा | : पुराणअनुसार नागहरूकी आमा बताइएकी रामायण प्रसिद्ध एक राक्षसी, दुर्गाको एक नाम |
| भ्याकुर | : जरामा माटामुनि फल्ने वनस्पति विशेष |

## अभ्यास

पेज १२९

**सुनाइ**

१. **पाठको पाँचौं अनुच्छेद सुन्नुहोस् र खाली ठाउँ भर्नुहोस्:**

(क) **प्रत्येक प्राणीमा भुँडीको ........ नभएको हुँदैन । (अंश, वंश, कंश)**

**उत्तर:** प्रत्येक प्राणीमा भुँडीको **अंश** नभएको हुँदैन ।

puspas.com.np

**(ख) भुँडीपूजाका लागि हाम्रा कैयन पुर्खाले ......... को दैलो कुरे । (परोपकारी, समाज सेवी, परचक्री)**

**उत्तर:** भुँडी पूजाका लागि हाम्रा कैयन पुर्खाले **परचक्रीको** दैलो कुरे ।

**(ग) सबैले सबभन्दा पहिले .......... जोहो गर्नैपर्छ । (सम्पत्ति, भुँडी, विपत्ति)**

**उत्तर:** सबैले सबभन्दा पहिले भुँडी जोहो गर्नै पर्छ ।

**(घ) प्रत्येक व्यक्ति भुँडीको पूजा .......एक हो । (अवसर, अवतार, अन्तरिक्ष)**

**उत्तर:** प्रत्येक व्यक्ति भुँडीको एक **अवतार** हो ।

**(ङ) कैयौं बुढिया भुँडीको पूजा सामान खोज्न निस्केका आफ्ना .......को प्रतीक्षामा आँखा ताक्दै छन् । (दुलाहा, पति, छोरा)**

**उत्तर:** कैयौं बुढिया भुँडीको पुजा सामान खोज्न निस्केका आफ्ना **छोरा र दुलाहहरूको** प्रतीक्षामा आँखा ताक्दै छन् ।

**२. पाठको छैटौं अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।**

**उत्तर:** पाठको छैटौं अनुच्छेद शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्ने ।

**३. पाठको आठौं अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) पहिलो भुँडी कुन हो ?**

**उत्तर:** पहिलो भुँडी हाँडी घोप्टे हो ।

**(ख) हाँडी घोप्टे भुँडी कस्तो हुन्छ ?**

**उत्तर:** हाँडीघोप्टे भुँडी सधैं हाँडी जस्तै मुख बाइरहेको हुन्छ ।

**(ग) नैवेद्यका ठुला ठुला स्रोतहरू किन हाँडी घोप्टे भुँडीको सामु घोप्टिन पुगेका छन् ?**

**उत्तर:** कर्म न कुकर्म, सर्म न बेसर्म, धर्म न अधर्म कुनै कुराको छान विचार नगर्ने हुनाले नैवेद्यका ठुला ठुला स्रोतहरू हाँडी घोप्टे भुँडीको सामु घोप्टिन पुगेका छन् ।

**(घ) 'कुकर्म' र 'अधर्म' शब्दको निर्माण प्रक्रिया बताउनुहोस् ।**

**उत्तर:** कुकर्म- कु+कर्म अधर्म- अ+धर्म

**(ङ) भुँडीवादको सिद्धान्त लागु गर्न हाँडी घोप्टे भुँडी के गर्छ ?**

**उत्तर:** भुँडीवादको सिद्धान्त लागु गर्न हाँडी घोप्टे भुँडी अरू साराको भाग आफ्नै भुँडीभित्र घोप्ट्याउने काम गर्छ ।

**४. पाठको बारौं अनुच्छेद सुनी त्यसमा व्यक्त भएको विचारलाई सारांशमा लेख्नुहोस् ।**

**उत्तर:** करोडौं ठन्डाराम भुँडीको समाधान गर्न भारतमा सर्वोदय, नेपालमा भूमि सुधारको योजना लागु गरिए पनि हाँडीघोप्टे र घ्याम्पे भुँडीहरू आपसमा लडिरहेका छन् । आफ्नो भुँडी भर्न नसकेको ९५ प्रतिशत भुँडीहरूले विद्रोह गर्ने हो भने कसैको केही दया चल्दैन । जहाँ जान लागे पनि भुँडी सँगै जान्छ हेर, बाबु तिमी गाउँमै बसेर मिहनेत गर । सहरमा गएर भुँडी समस्या समाधान हुन्छ भन्ने कुरामा विश्वास नगर किनभने 'जहाँ जान लागे पनि भुँडी सँगै जान्छ ।' बुझ्यौ ?

**५. पाठको नवौं अनुच्छेद सुन्नुहोस् र त्यसमा प्रयोग भएका उखानलाई प्रयोग गरेर नयाँ वाक्य बनाउनुहोस् ।**

**उत्तर:** ठाउँ न ठहर धोको न रहर - के गर्नु आफू त गरिब भइयो केही गर्न सकिन्न । छोराछोरी र बुढीका इच्छा भने कति कति - ठाउँ न ठहर धोको न रहर जस्तै भएको छ ।

नाकको टुप्पामा कालो दलेर ल्याप्चे सही गर्नु - रामेको कुनै भरोसा छैन । उसलाई जति सम्झाएँ पनि इज्जतको ख्यालै गर्दैन । के गर्नु नाकको टुप्पामा कालो दलेर ल्याप्चे सही गर्न पनि त्यो हिच्किचाउँदैन ।

puspas.com.np

**बोलाइ**

६. **तलका शब्दहरूको उदाहरणमा देखाए जस्तै गरी ठिक उच्चारण गर्नुहोस् :**

**जुगजुग = /जुग्. जुग्./ विराट = /बि. राट्./**

**देश = /देस्.**

**उत्तर:** मान्छे = /मान्. छे./

आखिर = /आ. खिर्./

देश = /देस्.

प्रतिशत = /प्र.ति.सत्./

अस्तित्व = /अस्.तित्.त्व./

शीर्षक = /सिर्.सक्./

शिक्षक = /सिक्.छ्यक्./

७. **यस निबन्धको शीर्षक कत्तिको उपयुक्त छ, समूह समूहमा छलफल गरी निष्कर्ष निकाल्नुहोस् र कक्षामा सुनाउनुहोस् ।**

**उत्तर:** कक्षामा विद्यार्थीहरूलाई समूह समूहमा विभाजन गरी निबन्धको शीर्षक उपयुक्त छ भन्ने बारे छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने । जस्तै :

भैरव अर्याल एक सफल हास्यव्यङ्ग्य निबन्धकार हुन् । उनले हास्य र व्यङ्ग्यलाई आफ्ना निबन्धमा सशक्त रूपमा प्रयोग गरेका छन् । उनको 'जय भुँडी' शीर्षकको निबन्धमा सामाजिक विकृति र विसङ्गतिलाई प्रभावकारी रूपमा उल्लेख गरिएको छ । आज विश्वभर भुँडीका समस्याले मान्छेलाई पिरोलेको छ । भुँडीकै कारण लडाइँ र ठुल्ठुला सङ्ग्रामहरू भएका छन् । भुँडीलाई केन्द्रबिन्दु बनाएर लेखकले समाजका विकृतिहरूप्रति हास्यव्यङ्ग्यात्मक रूपमा तीखो व्यङ्ग्य गरेकाले प्रस्तुत निबन्धको शीर्षक उपयुक्त देखिन्छ ।

निबन्धकारका विचारमा अठार पुराण लेख्ने वेदव्यासले भुँडी पुराण लेख्न बिर्सनु उचित थिएन । अखिर भुँडीले संसारका सबैलाई छोएको छ । भुँडीकै लागि मान्छेले परचक्रीको सेवा गरे र कैयौँ नेपाली युवाहरू विदेश पलायन भएर गए । भुँडीले सम्पूर्ण विश्वलाई प्रभावित पारेको छ । आज संसारमा हाँडीघोप्टे, घ्याम्पे, टाकन टुकन र ठन्डाराम गरी चार प्रकारका भुँडी देखा पर्छन् । हाँडीघोप्टे र घ्याम्पे भुँडीको चरित्र एउटै हुन्छ । यी दुवै भुँडी विश्व साम्राज्यवादका प्रतीकका रूपमा आएका छन् । अझ यी शोषण, अन्यायका प्रतीकका रूपमा आएका छन् भने टाकनटुकन र ठन्डाराम भुँडी गरिबी र अन्याय अत्याचारको सिकार बनेका निरीह प्राणीका प्रतिनिधि बनेर आएका छन् । आज यी भुँडीहरूका बिचमा द्वन्द्व छ । यस्तो द्वन्द्व अनादि कालदेखि चलिरहेको छ । भुँडीकै कारण यस्तो द्वन्द्व चलेको हुनाले निबन्धकारले यस्तो भुँडीको जय होस् भन्ने उद्देश्यले जुन शीर्षक दिएका छन् त्यो उपयुक्त र विषय वस्तु अनुसार सार्थक रहेको छ ।

८. **तलका उखान टुक्कालाई वाक्यमा प्रयोग गरी कक्षामा सुनाउनुहोस् :**

**हात्तीको मुखमा जिरा, हातमुख जोड्नु, गुनासो गर्नु, डाँडो काट्नु, दैलो कुर्नु**

**उत्तर:** **हात्तीको मुखमा जिरा** - यति थोरै खाना त यत्रा जन्तीका लागि हात्तीको मुखमा जिरा होला है ।

**हातमुख जोड्नु** - मेरो सानो जागिरले हातमुख जोड्न पनि भ्याउँदैन ।

**गुनासो गर्नु** - काभ्रेका भूकम्प पीडितले समयमै उद्धारका सामग्री उपलब्ध नगराएकामा सरकारसँग गुनासो गरे ।

**डाँडो काट्नु** - चोरहरूले गाउँलेको धन सम्पत्ति लुटेर राति नै डाँडो काटेछन् ।

**दैलो कुर्नु** - निरुउद्योगीहरू अर्काको दैलो कुरेर समय खेर फाल्छन् ।

pustpas.com.np

**९. पाठमा कस्ता-कस्ता भुँडीहरूको बारेमा व्यङ्ग्य गरिएको छ ? बुँदा बनाउनुहोस् र कक्षामा सुनाउनुहोस् ।**

उत्तरः भैरव अर्यालद्वारा लिखित 'जय भुँडी' शीर्षकको हास्यव्यङ्ग्यपरक निबन्धमा हाँडीघोप्टे, घ्याम्पे, टाकन टुकन, ठन्डाराम जस्ता भुँडीहरूका बारेमा व्यङ्ग्य गरिएको छ । यी चार प्रकारका भुँडीहरूका बारेमा गरिएको व्यङ्ग्यलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

१. हाँडीघोप्टे भुँडी- क) सकेसम्म अरू साराको भाग आफ्नै भुँडीभित्र घोप्ट्याएर दुनियाँमा भुँडीवादको सिद्धान्त लागु गर्ने,
ख) हाँडीघोप्टे भुँडी सधैँ हाँडी जस्तै मुख बाइरहन,
ग) यसले कर्म न कुकर्म, सर्म न बेसर्म, धर्म न अधर्म कुनै कुराको छानबिन नगर्न,
घ) नैवेद्यका ठुला ठुला स्रोतहरू हाँडीघोप्टे भुँडीकै सामु घोप्टिन पुग्ने,

२. घ्याम्पे भुँडी - क) हाँडीघोप्टेभन्दा अलि सानो भए पनि स्वभाव भने प्रायः उस्तै हुने,

३. टाकन टुकन भुँडी-क) टाकन टुकन भुँडीलाई नैवेद्य जुटाउन सत्रतिर दारा ङिच्याउँदै हिँड्नुपर्ने,
ख) सत्रतिर नघाई व्यवहार नचल्ने ।

**१०. के विश्वमा भइरहेका युद्धहरू भुँडीकै समस्याबाट उब्जिएका हुन् ? कक्षाका कुनै दुई जना साथीहरू उठेर हाउभाउसहित संवाद गर्नुहोस् ।**

उत्तरः विश्वमा भइरहेको युद्धहरू भुँडीकै समस्याबाट उब्जिएका हुन् भन्ने बारे कक्षामा दुई जनाका बिच यसरी प्रस्तुत गर्न सकिने -

उषा- ए निशा, संसारमा किन युद्धहरू हुन्छन् तँलाई थाहा छ ?

निशा- किन नहुनु नि !

उषा- के कुराले युद्ध हुन्छ त भन न ।

निशा- संसारमा भुँडीकै कारण युद्ध भएका छन् । मानिसमा भुँडी न हुँदो हो भने त युद्ध कहिल्यै हुने थिएन ।

उषा- कसरी ?

निशा- हेर् उषा, मान्छेलाई पेटको समस्याले पिरोलेपछि उसले जे पनि गर्छ । संस्कृतमा, भनिएको छ, **बुभु क्षितं किं न करोति पापम्** अर्थात् भोकाएकाले पाप गरेर छाड्छ । तसर्थ भुँडीकै कारण युद्ध भएका हुन् भन्ने स्पष्ट हुन्छ ।

उषा- भुँडी नहुने हो भने त युद्ध हुने थिएन होला हो कि ?

निशा- हो त, यही भुँडीकै कारण परापूर्वकालदेखि वर्तमान युगसम्म युद्ध भएका छन् । भुँडीकै कारण अनेक विचार जन्मेका छन् र युद्धहरू भएका छन् । बुझ्यौ ?

उषा- बुझेँ निशा बुझेँ !

## पढाइ

**११. पाठका सबै अनुच्छेदहरू पालैपालो सवस्वर वाचन गर्नुहोस् ।**

उत्तरः विद्यार्थीले पाठका सबै अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्ने ।

**१२ पाठको पहिलो र दोस्रो अनुच्छेद सस्वर वाचन गर्नुहोस् र ती अनुच्छेद पढ्न तपाईंलाई कति समय लाग्यो, शिक्षकलाई सोध्नुहोस् ।**

उत्तरः पाठको पहिलो र दोस्रो अनुच्छेद विद्यार्थीले सस्वर वाचन गर्ने र त्यो पढ्न समय कति लाग्यो शिक्षकलाई सोध्ने ।

puspas.com.np

**१३. पाठको नवौं अनुच्छेद पढी पाँचओटा प्रश्न तयार पार्नुहोस् ।**

उत्तर: क. घ्याम्पे भुँडी कस्तो हुन्छ ?

ख. कुन भुँडीलाई नैवेद्य जुटाउन सत्रतिर दारा डिच्याउनुपर्छ ?

ग. ठन्डाराम भुँडी कस्तो हुन्छ ?

घ. ठन्डाराम भुँडीप्रति कस्ता कस्ता व्यवहार हुँदै आएका छन् ?

ङ. आज टाकन टुकन भुँडीको अवस्था कस्तो छ ?

**१४. तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

अर्काको मपाईंत्व स्वीकार नगरेर 'म' कै महिमाको मादल बजाउनु मपाईं बन्नु हो । सभ्यताको जति जति विकास हुँदै आयो, उति उति मपाईंत्व प्रवृत्ति पनि विष्णुमतीको मुला मौलाए झैं मौलाउँदै आएको छ । त्यसैले प्रत्येक व्यक्ति आफूलाई हात्ती सम्झन्छ, अरूलाई बोका । अब समाज हात्ती हात्तीको हो वा बोकै बाकाको हो, यसले छुट्याइ दिने ? अर्को शब्दमा मपाईंत्व एक नशा हो, यसले लठ्याएपछि ककटेल पार्टीका श्रीमान्हरू झैं सबै मपाईंहरू एक अर्काका बिच ठक्कर खान र चर्किन थाल्छन् । सम्झनुभएन ? राम र रावणको मपाईंत्व बजारिएर लङ्का उठ्यो, भीम र दुर्योधनको मपाईंत्व चर्केर कुरुक्षेत्र बन्यो । (भैरव अर्याल : मपाईं)

**प्रश्नहरू**

**(क) मपाईंत्व बन्नु भनेको के हो ?**

**उत्तर:** मपाईं बन्नु भनेको तपाईंत्व स्वीकार नगरेर 'म' कै महिमाको मादल बजाउनु हो ।

**(ख) के कुरा विष्णुमतीको मुला मौलाए झैं मौलाएको छ ?**

**उत्तर:** मपाईंत्व भन्ने कुरा विष्णुमतीको मुला मौलाए झैं मौलाएको छ ।

**(ग) हरेक व्यक्तिले आफूलाई र अरूलाई के-के सम्झेको हुन्छ ?**

**उत्तर:** हरेक व्यक्तिले आफूलाई हात्ती र अरूलाई बोका सम्झेको हुन्छ ।

**(घ) मपाईंत्वले लठ्याएपछि मानिसहरू के गर्न थाल्छन् ?**

**उत्तर:** मपाईंत्वले लठ्याएपछि मानिसहरू ककटेल पार्टीका श्रीमान्हरू झैं मपाईंहरू एकअर्काका बिच ठक्कर खान र चर्किन थाल्छन् ।

**(ङ) क-कसको मपाईंत्वले लङ्का र कुरुक्षेत्रमा लडाइँ भयो ?**

**उत्तर:** राम र रावणको मपाईंत्वले लङ्का तथा भीम र दुर्योधनको मपाईंत्वले कुरुक्षेत्रमा लडाइँ भयो ।

**१५. पाठका शब्दार्थ खण्डमा नपरेका कुनै पाँचओटा कठिन शब्द टिपी तिनको अर्थ शब्दकोशका सहायताले लेख्नुहोस् ।**

उत्तर: दार्शनिक - दर्शन जान्ने वा दर्शन पढेको व्यक्ति

उद्गम - उत्पत्ति भएको ठाउँ, मुहान, मूल

नैवेद्य - देवी देवतालाई चढाएको खानेकुरा हुने प्रसाद, नैवद्य

अनुबम - अणुहरूको नाभि वा केन्द्र विच्छेद भएर ऊर्जा विस्फोट हुने विनाशकारी बम

उपासना - देवीदेवताको पूजाआजा, आराधना वा ध्यान ।

**१६. तल दिइएका श्रुतिसमभिन्नार्थक शब्द र तिनको अर्थ पढ्नुहोस् र वाक्यमा प्रयोग गरी कक्षामा सुनाउनुहोस् :**

**(क) कृति - रचना, काम**

**कीर्ति - ख्याति, नाम**

**(ख) खालि - केवल, मात्र**

**खाली - रित्तो**

**(ग) आँट - साहस**

**आँत - भित्री भाग**

puspas.com.np


(घ) आदि - थालनी
आँधी - हुरी
(ङ) कोश - सङ्ग्रह
कोस - दुई माइलको दुरी
(च) गर्भ - पेट
गर्व - घमण्ड
(छ) दिन - चौबिस घण्टाको समय
दीन - दुःखी
(ज) दण्ड - सजाय
द्वन्द्व - सङ्घर्ष
(झ) दिशा - पूर्व, पश्चिम
दिसा - आची, विष्ठा
(ञ) यश - कीर्ति
यस - यो
(ट) शीत -पानीको थोपा
सित - सँग
(ठ) शव - लास, मुर्दा
सब - सबै
(ड) विष - बिख
बिस - २० सङ्ख्या
(ढ) देखि - बाट
देखी - देख्नु
(ण) पाइन् -प्राप्त गरिन्
पाइन - शक्ति
(त) महिना - ३० दिनको समय
मैना - चरो
(थ) संवेदना - अनुभूति
समवेदना - समान पीडा
(द) बाँस - रूख विशेष
बास - बस्ने ठाउँ
(ध) प्रदान - दिनु
प्रधान - प्रमुख

उत्तर

क) कृति - देवकोटाले थुप्रै साहित्यिक कृति लेखेका छन् ।
कीर्ति- तेनजिङ शेर्पाको कीर्ति संसारमा फैलिएको छ ।
ख) खालि- तिमी खालि शत्रुका कुरामात्र किन गर्छौ ?
खाली- स्कुल जाँदा मैले एउटा खाली बोतल देखें ।
ग) आँट - पासाङ ल्हामु शेर्पाको आँट देखेर म त छक्क परें ।
आँत- काम गर्दा गर्दा त्यस केटाको आँत सुक्यो ।
घ) आदि- त्यस घटनाको आदि र अन्त्य पत्ता लगाउन निकै गारो छ ।
आँधी- हिजो आएको आँधी हुरीले धेरै घरको छानो उडायो ।
ङ) कोश- मैले कठिन शब्दको अर्थ शब्द कोश हेरेर पत्ता लगाएँ ।
कोस- काठमाडौंबाट धुलिखेल पचास कोस जति टाढा छ ।
च) गर्भ- म आमाको गर्भमा हुँदै मेरो हजुरबाको निधन भएको हो ।
गर्व- नेपाली भएकोमा म गर्व गर्छु ।
छ) दिन- रमेशले दिनभरि घरमै बसेर काम गऱ्यो
दीन- दीन दुःखीमाथि दया गर्न सिकौं

puspas.com.np

| | | |
|---|---|---|
| ज) | दण्ड- | गुरुले मलाई दण्ड दिनुभयो । |
| | द्वन्द्व- | लेनदेन नमिल्दा द्वारे र टंकका बिच ठुलो द्वन्द्व चल्यो । |
| झ) | दिशा- | लेखनी पूर्व दिशातिर लागी । |
| | दिसा- | दिसा गर्ने ठाउँ सफा हुनुपर्छ । |
| ञ) | यश- | राम शाहको यश चारैतिर फैलिएको थियो । |
| | यस- | यस केटाले पटक्कै पढ्नमा ध्यान दिएन । |
| ट) | शीत- | फुलबाट शीतको थोपा तपतप चुहियो । |
| | सित- | मसित खर्च गर्ने एक पैसा छैन । |
| ठ) | शव- | मलामीले रामशरणको शव उठाएर आर्यघाट लगे । |
| | सब- | सब सहर गए, म मात्र यहाँ बसेको छु । |
| ड) | विष- | रमाले विष खाएर आत्महत्या गरिन् । |
| | बिस- | मसँग आज बिस रुपियाँ मात्र बचेको छ । |
| ढ) | देखि- | म पोहोर सालदेखि सरस्वती मा. वि. मा पढ्दै छु । |
| | देखी- | मेरी छोरीले काठमाडौं सहर देखी । |
| ण) | पाइन्- | सीताले पुरस्कार पाइन् । |
| | पाइन- | म पनि तिम्रो पाइन हेर्न इच्छुक छु । |
| त) | महिना- | पुस महिनामा तराईमा निकै जाडो हुन्छ । |
| | मैना- | मैना चराले विरहको गीत गायो । |
| थ) | संवेदना- | नेतालाई गरिबहरूको दु:खप्रति संवेदना भएन । |
| | समवेदना- | शोकाकुल सानीप्रति मैले समवेदना व्यक्त गरे । |
| द) | बाँस- | कटेरो बनाउन मैले बाँस काटेर ल्याएँ । |
| | बास- | काठमाडौंको बास त्यति सहज छैन । |
| ध) | प्रदान- | राज्यले वृद्धवृद्धाहरूलाई वृद्धाभत्ता प्रदान गऱ्यो । |
| | प्रधान- | आज नेपालको प्रधान मुद्दा गरिबी हो । |

## लेखाइ

**१७. तल दिइएको अनुच्छेदबाट चारओटा मुख्य बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् :**

*धनुषा जिल्लाको जनकपुर धाम नेपालको ऐतिहासिक सुन्दर नगरी हो । यहाँका राम मन्दिर र जानकी मन्दिर पुरातात्त्विक, पौराणिक र धार्मिक दृष्टिले निकै प्रसिद्ध छन् । तीमध्ये यहाँको जानकी मन्दिर निकै कलात्मक रहेको छ । यो मन्दिर स्वदेशमा मात्र नभएर विदेशमा पनि उत्तिकै प्रख्यात छ । यो विशाल मन्दिरको कलाकारिता विश्वकै बेजोड नमुना मानिन्छ । यसलाई मुगल शैलीमा निर्मित वास्तुकलाको सुन्दर नमुनाको रूपमा लिन सकिन्छ । यो मन्दिर भित्री र बाहिरी गरी दुई भागमा विभक्त छ । बाहिरी भागले मुख्य मन्दिरलाई आकर्षक किल्ला जस्तै घेरेर राखेको देखिन्छ । यसको भित्री भागमा चारैतिर खुला प्राङ्गण छ । त्यहाँ मूल्यवान् सङ्गमर्मर बिछ्याइएको छ । मन्दिरको मूल प्रवेशद्वार पूर्वतिर रहेको छ । त्यस्तै उत्तरतिरको ढोकामा दुई ओटा सिंहका प्रस्तर मूर्ति आकर्षक ढङ्गले राखिएको छ । मुख्य मन्दिरभित्रका सीता रामका मूर्तिहरू पनि सेता सङ्गमर्मरद्वारा निर्मित छन् । नेपालको तराई भागमा अवस्थित यस पावन भूमिमा राम नवमी र विवाह पञ्चमीका दिन ठुलो मेला लाग्छ । यो मन्दिरको निर्माण टिकमगढकी महारानी बृषभानु कुमारीबाट भएको हो । यो मन्दिरको निर्माण गर्दा त्यस समयमा नौ लाख रुपियाँ खर्च भएको थियो । त्यसैले यस मन्दिरलाई 'नौलखा मन्दिर' पनि भनिन्छ । यो मन्दिरको प्रतिष्ठा वि.सं. १९६७ माघ २८ मा भएको हो । यसको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो ।*

puspas.com.np

उत्तरः क. धनुषा जिल्लाको जनकपुर धाममा राम र जानकी मन्दिर रहेका र ती पुरातात्त्विक, पौराणिक र धार्मिक दृष्टिले प्रसिद्ध मानिएका,

ख. जानकी मन्दिर कलात्मक भएका कारण विश्व प्रसिद्ध हुन पुगेका,

ग. भित्री र बाहिरी दुवै भागमा सङ्गमर्मर बिछ्याएको,

घ. जानकी मन्दिरको निर्माण टिकमगढकी बृषभानु कुमारीबाट भएको र त्यस बेला नौ लाख रुपियाँ खर्च गरी बनाइएको ।

धनुषा जिल्लाको जनकपुर धाममा राम र जानकी मन्दिर रहेका छन् । तीमध्ये जानकी मन्दिर पुरातात्त्विक, पौराणिक र धार्मिक दृष्टिले प्रसिद्ध मानिएको छ । यो मन्दिर कलात्मक र आकर्षक भएका कारण विश्व प्रसिद्ध हुन पुगेको छ । यस मन्दिरको भित्री र बाहिरी भागमा सङ्गमर्मर ओछ्याएका कारण निकै भव्य देखिन्छ । यसको निर्माण टिकमगढकी बृषभानु कुमारीबाट भएको हो । त्यस बेला यसको निर्माणमा नौ लाख रुपियाँ खर्च भएको थियो ।

**१८. पाठका आधारमा तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

**(क) 'जय भुँडी' निबन्धले समाजमा विद्यमान कति प्रकारका भुँडीहरूको चित्रण गरेको छ ?**

उत्तरः 'जय भुँडी' निबन्धले समाजमा विद्यमान चार प्रकारका भुँडीहरूको चित्रण गरेको छ । यीमध्ये पहिलो हो, हाँडीघोप्टे भुँडी । समाजमा सकेसम्म अरू साराको भाग आफ्नै भुँडीभित्र घोप्ट्याएर दुनियाँमा भुँडीवादको सिद्धान्त लागु गर्न हाँडीघोप्टे भुँडी सधैँ हाँडी जस्तै मुख बाइरहेको हुन्छ । कर्म न कुकर्म, सर्म न बेसर्म, धर्म न अधर्म कुनै कुराको छान विचार नगर्ने हुनाले नैवेद्यका ठुला ठुला स्रोतहरू हाँडीघोप्टे भुँडीकै सामु घोप्टिन आइपुग्छन् । त्यस्तै दोस्रो घ्याम्पे भुँडी हो । यो हाँडीघोप्टे भुँडीभन्दा अलि सानो भए पनि यसको स्वभाव भने प्रायः उस्तै उस्तै हुन्छ । समाजमा विद्यमान तेस्रो प्रकारको भुँडीमा टाकनटुकन पर्छ । यसले नैवेद्य जुटाउन सत्रतिर दारा डिच्याई डिच्याई हिँड्नुपर्छ । चौथोमा ठन्डाराम भुँडी पर्छ । यसलाई हाँडीघोप्टे र घ्याम्पे भुँडीले खँगारेका हुन्छन् । ठन्डाराम भुँडी नेपाली समाजमा मात्र होइन पृथ्वीभरि देख्न पाइन्छ । चौथो भुँडीको समाचार विश्वभर व्याप्त छ ।

**(ख) समाजमा भुँडी भकुराभकुर गर्न थालेपछि कस्तो अवस्था सिर्जना भयो ?**

उत्तरः समाजमा एकले अर्काको अस्तित्व आवश्यक नठान्दा भुँडी भकुराभकुर गर्न थाले । यसले गर्दा समाजमा असमानताको अवस्था सिर्जना भयो । बलियो भुँडी घ्याम्पे भए । घ्याम्पा घ्याम्पा पनि आपसमा लडे । यसले गर्दा कोही हाँडीघोप्टे हुन पुगे त धेरैजसो ठन्डाराम भै झुन्डिए । अन्ततः अरबौँ ठन्डाराम भुँडीहरूले रुन्चे स्वरमा चिच्याउनु पर्‍यो । उनीहरूले भुँडीपूजा हुन्छ भने सबैको हुनुपर्छ भनी माग गरे । यसको परिणामस्वरूप कार्ल मार्क्सले भुँडी पूजाको समान पद्धति सोचे । यसरी समाजमा भुँडी भकुराभकुर गर्न थालेपछि अनेक असमानताहरू देखिन थाले र त्यसका विरुद्ध लड्ने बाटाहरू तय हुन थाले ।

**(ग) नेपालमा सबै नेपालीले भुँडीपूजाको सौभाग्य कहिले पाउलान् ?**

उत्तरः नेपालमा सबै नेपालीले भुँडीपूजाको सौभाग्य पाउन निकै समय कुर्नुपर्ला । यहाँ अझै पनि हाँडीघोप्टे र घ्याम्पे भुँडीहरूको बोलबाला छ । उनीहरूकै हातमा देशको बागडोर छ । समाजमा यिनै भुँडीहरू र टाकन टुकन तथा ठन्डाराम भुँडीहरूका बिच सङ्घर्ष भइरहेको छ । जबसम्म समाजमा यस्ता विषमताहरू रहिरन्छन्, तबसम्म सबै नेपालीले भुँडी पूजाको सौभग्य पाउने अवस्था छैन । तसर्थ, जनतालाई झुक्याउने सबै जालझेल वा महामेलाको अन्त्य भएपछि मात्रै सबै नेपालीले भुँडी पूजाको सौभाग्य पाउलान् भन्ने आशा गर्न सकिन्छ ।

puspas.com.np

**(घ) 'जय भुँडी' निबन्धको मूल व्यङ्ग्य के हो ?**

**उत्तर:** 'जय भुँडी' निबन्धले समाजमा विद्यमान असमानता र सामाजिक शोषणप्रति व्यङ्ग्य गरेको छ । आज समाजमा असमानता व्यापक रूपमा फस्टाएको छ । यहाँ एकातिर शोषण, अन्याय, अत्याचार छ भने अर्कातिर शोषक सामन्तहरूबाट गरिबहरू शोषित बनिरहेका छन् । समाजमा उच्च वर्ग र निम्नवर्गका बिच ठुलो द्वन्द्व छ । यहाँ उच्च वर्गका मानिसले निम्न वर्गका मानिसलाई शोषण गरेर उठ्नै नसक्ने अवस्थामा पुऱ्याएका छन् । त्यसैले समाजमा यस्ता असमानता तथा विभेदको समूल अन्त्य नभएसम्म द्वन्द्व चलिनै रहन्छ । यस्तो असमानतालाई भरण पोषण गर्ने अनि त्यसको अनुयायी बनेको सामाजिक संरचनाप्रति यस निबन्धमा तीखो व्यङ्ग्य गरिएको छ । अतः सामाजिक विभेदको पर्दाफास गर्नु नै यस निबन्धको मूल व्यङ्ग्य हो ।

**१९. ११ औं अनुच्छेदबाट चारओटा बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् ।**

**उत्तर:** क) मान्छेले भुँडी पूजाका लागि गरेको कामको बयान गर्न नसकिन,

ख) काँचो तरुल र भ्याकुरले भुँडी पूजा गर्ने मान्छेले आज सम्पूर्ण ब्रह्माण्ड नै आफ्नो वशमा पारेको,

ग) एकले अर्काको अस्तित्व स्वीकार नगर्दा असमानता देखिएको,

घ) असमानताकै उपजका रूपमा मार्क्सले भुँडीपूजाको समान पद्धति बसालेका र त्यसतर्फ सबैको ध्यान गएको,

भुँडीपूजाका लागि भएका सङ्घर्षमा मान्छेले भुँडीपूजाका लागि के कति काम गऱ्यो भन्ने कुरा बयान गर्न सकिँदैन । काँचो तरुल र भ्याकुरले भुँडी पूजा गर्ने मान्छेले आज सम्पूर्ण ब्रह्माण्ड नै आफ्नो वशमा पारेको छ । तर एकले अर्काको अस्तित्व स्वीकार नगर्दा समाजमा असमानता देखियो । यसैको फलस्वरूप मार्क्सले भुँडी पूजाको समान पद्धति बसाले र सबैको ध्यान त्यतातिर गयो ।

**२०. के 'जय भुँडी' निबन्धमा निबन्धकारले भने जस्तै कुनै दिन उन्नाइसौं महापुराणका रूपमा भुँडी पुराण जोडिएला, तार्किक उत्तर दिनुहोस् ।**

**उत्तर:** वेदव्यासले अठारौं पुराण रचना गरे । तिनले समाजमा विद्यमान समस्याको चुरो पहिचान गर्न सकेनन् । आजको समाज पुराणका गन्थन र भुलभुलैयामा अलमलिइरहन सक्दैन । समाजमा चेतनाको विकास व्यापक रूपमा भएको छ । त्यसैले भविष्यमा उन्नाइसौं महापुराणाका रूपमा भुँडी पुराण जोडिन सम्भव छ ।

आज समाजमा असमानता व्याप्त छ । यसको अन्त्यका लागि थुप्रै दार्शनिकहरूले वैज्ञानिक चिन्तन पनि प्रस्तुत गरिसकेका छन् । यसैको फलस्वरूप आर्थिक समानता, सामाजिक न्याय जस्ता कुराहरू उठ्न थालेका छन् । समाज गतिशील रूपमा अघि बढिरहन्छ । यो कहिल्यै एकै रूपमा स्थिर भएर रहन सक्दैन । समाजमा देखिएका असमानताहरूको एक दिन अन्त्य पक्कै हुन्छ । त्यस बेला उन्नाइसौं पुराणका रूपमा भुँडी पुराण पनि जोडिएला भन्ने विश्वास गर्न सकिन्छ ।

**२१. व्याख्या गर्नुहोस् :**

**(क) भुँडी जीवनकी निर्मात्री र विश्वकी अधिष्ठात्री हुन्, जसको पूजाआजा गर्नु प्राणी मात्रको प्रमुख कर्तव्य हो ।**

**उत्तर:** वस्तुतः भुँडी मानिसको सबै कुरा हो । यो मानिसको अस्तित्वसँग जोडिएको हुन्छ । यसले मान्छेको जीवन निर्माण गर्छ । यसका अभावमा मानिसको अस्तित्व सम्भव छैन । भुँडी पूजाकै लागि ठुल्ठुला सङ्घर्ष भए । मान्छेले विजय हासिल गरेर आफ्नो अस्तित्व स्थापित गऱ्यो । त्यसैले भुँडी विश्वकी अधिष्ठात्री वा आराध्य देवी बनेकी छन् भन्ने लेखकको ठहर छ ।

puspas.com.np

मान्छेका लागि आराध्य देवी समान बन्न पुगेको भुँडीको पूजाआजा गर्नु मानिस मात्रको कर्तव्य हुन आएको छ । आज मान्छे भुँडीकै कारण सङ्घर्ष गर्छ, आपसमा झगडा गर्छ, काटमार गर्छ । यसकै कारण समाजमा असमानता व्याप्त रूपमा फैलिएको छ । मानिस त्यस्तो असमानता हटाउनेतिर लाग्नुभन्दा त्यसको मलजल गर्नेतर्फ उन्मुख भएको छ । असमानतालाई बढावा दिनु नै उसले आफ्नो कर्तव्य ठान्न थालेको छ । त्यसैले निबन्धकार असमानताका पूजक बन्न नबिसौँ भन्दै यहाँ तीखो व्यङ्ग्य गर्छन् ।

**(ख) उस्तै र उत्रै भए पनि प्रत्येक भुँडीको बेग्लै आयतन हुन्छ र नैवेद्य ग्रहणका तरिकाहरू विभिन्न किसिमका हुन्छन् ।**

**उत्तर:** भुँडी प्रायः सबैका उस्तै र उत्रै हुने गर्छन् । आकारमा खासै भुँडीहरू फरक हुन्नन् । तर पनि प्रत्येक भुँडीको बेग्लै आयतन हुने गर्छ । समाजका हाँडीघोप्टे र घ्याम्पे भुँडीले टाकन टुकन र ठन्डाराम भुँडीलाई दुःख दिनसम्म दिएका हुन्छन् । यही असमानताले गर्दा समान र उत्रै भुँडी भए पनि उच्च वर्गले निम्न वर्गका मानिसको शोषण गरिरहेका हुन्छन् । त्यसैले भुँडीको आयतन फरक हुने गर्छ ।

लेखकका अनुसार हाँडीघोप्टे तथा घ्याम्पे भुँडी र टाकनटुकन अनि ठन्डाराम भुँडीले नैवेद्य ग्रहण गर्ने तरिकाहरू विभिन्न किसिमका हुन्छन् । समाजमा उच्च वर्गका मानिसहरूको भुँडी भर्ने तरिका र निम्नको भुँडी भर्ने तरिका आकाश पाताल जत्तिकै फरक हुने गर्छ । उच्च वर्गका मानिसलाई भुँडी भर्न कसैको चाकरी गरिरहनु पर्दैन । निमुखाहरूको शोषण गरेर भुँडी भर्न पाउँदा उसले आनन्द मान्छ भने निम्न वर्गका भुँडीहरूले अनेक अपमान र तिरस्कार सहँदा सहँदै पनि भोक भोकै बस्नुपर्ने बाध्यता छ । यस्तो विषम परिवेशको सिर्जना गर्ने प्रमुख कारक तत्त्व भनेको हाम्रो सामाजिक संरचना नै हो । यस्तो असमान सामाजिक संरचनाको अन्त्य नभएसम्म समाजमा विभेद कायमै रहने कुरामा दुई मत हुन सक्दैन ।

**२२. पाठको दोस्रो अनुच्छेद अनुलेखन गर्नुहोस् ।**

**उत्तर:** पाठको अनुच्छेद शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्ने ।

**२३. तलका वाक्यलाई शुद्ध गरी कापीमा सार्नुहोस् :**

प्रतेक भुडी मिलेर देश वा समाजको विसाल भुँडी बन्छ र विशाल विशाल पनि जुट्दा भुँडीको बिराट् रूप वोध हुन्छ ।

**उत्तर:** प्रत्येका भुँडी मिलेर देश वा समाजको विशाल भुँडी बन्छ र विशाल विशाल पनि जुट्दा भुँडीको विराट् रूप हुन्छ ।

## व्याकरण

**१. तलका संयोजक प्रयोग गरी एक-एक ओटा वाक्य बनाउनुहोस् :**

**र, अनि, पनि, त्यसैले, नत्र, जो, जे, जुन, जब, तब, कि, तापनि, किनकि, वा, अथवा, जहाँ, त्यहाँ, जसरी, त्यसरी, जसको, त्यसको**

**उत्तर:**
र - राम बजार गयो र पुस्तक किनेर ल्यायो ।
अनि - सीता आइन् अनि म पनि आएँ ।
पनि - राजेन्द्र बजार गयो अनि म पनि गएँ ।
त्यसैले - म फलफुल खान्छु, त्यसैले बलियो छु ।
नत्र - तिमी मिहनत गरी पढ नत्र फेल होउला ।
जो - जो व्यक्ति असल छ उसलाई सबैले मान्छन् ।
जे - जे काम आइलाग्यो तिमी त्यही काम गर ।

puspas.com.np

जुन - तिमीलाई जुन किताब पढ्न मन लाग्छ त्यही पढ ।
जब तब - जब तिम्रो परीक्षा आउँछ तब तिमी सचेत हुन्छौ ।
कि - म जाऊँ कि तिमी खान्छौं ?
तापनि - म धनकुटा गएँ तापनि मैले राम्ररी सहर घुम्न पाइनँ ।
किनकि - राम विद्यालय जाँदैन किनभने उसलाई ज्वरो आएको छ ।
वा - तिमी खान्छौ वा म खाइदिऊँ ?
अथवा - रुगा लाग्दा तातो पानी खाने अथवा त्यस्तो पानीको बाफ लिने गरेमा बेस हुन्छ ।
जहाँ त्यहाँ - जहाँ पायो त्यहाँ नथुक ।
जसरी त्यसरी - जसरी उसले भन्यो त्यसरी नै म नाचें ।
जसको त्यसको - जसको काम गरिन्छ त्यसको भलो सोच्नु पर्छ ।

२. **उदाहरण हेरी कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्यहरू परिवर्तन गर्नुहोस् ।**

**उदाहरण : तितो औषधी हितकारी छ । (सरल वाक्य)**
**औषधी तितो छ तर हितकारी छ । (संयुक्त वाक्य)**
**जुन औषधी तितो छ त्यो हितकारी छ (मिश्र वाक्य)**

(क) **पानी परेर बाटो हिलो भयो । (संयुक्त वाक्य)**
उत्तर: पानी पऱ्यो अनि बाटो हिलो भयो ।
(ख) **आकाश गर्ज्यो र पानी पऱ्यो । (मिश्र वाक्य)**
उत्तर: जब आकाश गर्ज्यो तब पानी पऱ्यो ।
(ग) **जब घाम लाग्यो तब न्यानो भयो । (सरल वाक्य)**
उत्तर: घाम लागेर न्यानो भयो ।
(घ) **तिमीलाई मनपर्ने किताब किन । (मिश्र वाक्य)**
उत्तर: जुन किताब तिमीलाई मन पर्छ त्यही किताब किन ।
(ङ) **तिमी घडी वा क्यामरा किन । (संयुक्त वाक्य)**
उत्तर: तिमी घडी किन वा क्यामरा किन ।
(च) **विद्वान् सुरेश घमण्डी छन् । (संयुक्त वाक्य)**
उत्तर: सुरेश विद्वान् छन् तर उनी घमण्डी छन् ।
(छ) **तिम्री बहिनी नायिका हुने छिन् । (मिश्र वाक्य)**
उत्तर: जब तिम्री बहिनी हुन्छिन् तब उनी नायिका हुने छिन् ।
(ज) **जहाँ काफल पाक्छ त्यहाँ चरी नाच्छ । (सरल वाक्य)**
उत्तर: काफल पाकेको ठाउँमा चरी नाच्छ ।
(झ) **ओरालो लागेको मृगलाई सबैले हेप्छन् । (मिश्र वाक्य)**
उत्तर: जुन मृग ओरालो लाग्छ त्यसलाई सबैले हेप्छन् ।
(ञ) **लोकतान्त्रिक देशमा स्वतन्त्रता हुन्छ । (मिश्र वाक्य)**
उत्तर: जुन देश लोकतान्त्रिक व्यवस्था छ त्यस देशमा स्वतन्त्रता हुन्छ ।
(ट) **जसले मह काढ्छ त्यसले हात चाट्छ । (सरल वाक्य)**
उत्तर: मह काढ्नेले हात चाट्छ ।
(ठ) **परिश्रम गर्नेले मिठो फल पाउँछ । (मिश्र वाक्य)**
उत्तर: जसले परिश्रम गर्छ उसले मिठो फल पाउँछ ।
(ड) **परिश्रमी छिरिङ परीक्षामा प्रथम हुन्छ । (संयुक्त वाक्य)**
उत्तर: छिरिङ परिश्रमी छ र ऊ परीक्षामा प्रथम हुन्छ ।
(ढ) **तिमी विद्यालय जाऊ र राम्ररी पढ । (सरल वाक्य)**
उत्तर: तिमी विद्यालय गएर राम्ररी पढ ।

pustak.com.np

३. **सरल वाक्यको प्रयोग गरी आफ्नो पढाइका बारेमा एउटा अनुच्छेद तयार गर्नुहोस् ।**

उत्तर: म कक्षा १० मा पढ्छु । म पढाइमा खुबै ध्यान दिन्छु । मलाई साथीहरूले खुबै माया गर्छन् । मेरो मेहनती बानी देखेर गुरु मलाई माया गर्नुहुन्छ । म पाठ्यपुस्तक बाहेक अरू विधाका किताबहरू पनि पढ्छु । मलाई कविता र उपन्यास खुब मन पर्छ । उपन्यासको किताब एकै दिनमा पढेर सक्छु । मेरो मिहनत देखेर आमाबुवा खुसी हुनुहुन्छ ।

४. **संयुक्त र मिश्र वाक्यको प्रयोग गरी आफ्नो भावी योजनाको वर्णन गर्दै एउटा अनुच्छेद तयार गर्नुहोस् ।**

उत्तर: म भविष्यमा आई एस्सी पास गर्छु अनि चिकित्सक पढ्नका लागि तयारी गर्छु । मैले चिकित्सा शास्त्र पढ्न पाएपछि खुबै मिहनत गर्छु र राम्रो अङ्क ल्याई उत्तीर्ण गर्छु । जब म चिकित्सक बन्छु तब म सरासर गाउँतिर लाग्छु । जब गाउँलेहरूको रोग निर्मूल हुन्छ तब म विदेश गएर उच्च शिक्षा हासिल गर्छु । जब विदेशमा पढेर योग्य बन्छु तब देशको सेवा गरेर बस्छु ।

५. **पाठको तेस्रो अनुच्छेद पढी सुरु, बिच र अन्त्यमा दीर्घ हुने शब्द टिप्नुहोस् ।**

उत्तर: सुरुमा दीर्घ हुने शब्द - पूजाविधि, फूल, भीमसेन, पूजा,

बिचमा दीर्घ हुने शब्द- भुँडीदेवी, भुँडीपूजा,

अन्त्यमा दीर्घ हुने शब्द- भुँडी, अरू, देवदेवी, थरी, भनी, भुँडीदेवी, कमी, लापर्बाही, घम्साघम्सी, ध्वंसाध्वंसी, मलाई, कुखुरी, केटाकेटी ।

## सिर्जनात्मक अभ्यास — पेज १३४

१. **'समाज सेवा' शीर्षकमा कम्तीमा दसओटा बुँदा तयार पार्नुहोस् र २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।**

उत्तर:
- क. कुनै व्यक्तिबाट समाजको हित, भलाइ आदिका लागि गरिने सेवालाई समाज सेवा भनिने,
- ख. सममाजमा बस्ने मानिसले समाजका हितका लागि अनेक काम सम्पन्न गर्न सक्ने,
- ग. व्यक्तिहरूको समूह नै समाज भएको,
- घ. समाजमा बस्ने मानिसमा असल भावना हुनुपन,
- ङ. समाजमा थुप्रै वर्गको बसोबास हुने,
- च. समाजको सेवा समाजमा बस्ने मानिसले र सरकारले गर्न सक्न,
- छ. समाजमा विविध सोचाइ र धर्म मान्ने मानिसहरूको बसोबास हुन,
- ज. समाज सेवामा समर्पित व्यक्तिले उचित निर्णय दिनुपन,
- झ. समाज सेवीले समाज सेवामा सदा तल्लीन हुनुपन,
- ञ. समाज सेवीले असहाय गरिब र निमुखा जनताको पक्षमा काम गर्नुपर्ने ।

२. **'नेपालमा भुँडीपूजा : समस्या र समाधान' शीर्षकमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।**

उत्तर:

### नेपालमा भुँडी पूजा : समस्या र समाधान

नेपाल एउटा विकासोन्मुख देश हो । यहाँ पचास प्रतिशतभन्दा बढी जनता गरिब छन् । उनीहरू आफ्नो भुँडी पूजाका निम्ति सधैं तड्पिरहेका पाइन्छन् । मानिसलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने आर्थिक विकासका पक्षहरूमा सरकारी योजनाहरू नारामै सीमित हुन पुगेका छन् । कृषि प्रधान मुलुक भए पनि कृषि क्षेत्रको प्रगतिमा भएको न्यूनता कै प्रगति पनि सहरमुखी भएको अवस्था र न्युनस्तरको वितरण र व्यवस्थापन प्रणालीका कारण नेपालमा भुँडीपूजाको समस्या सही तरिकाले समाधान भएको छैन ।

puspas.com.np

नेपालमा विगत ३० वर्षभित्र कृषिक्षेत्रको वृद्धिदर निकै अस्थिर छ। सम्पूर्ण खाद्यवस्तुको उत्पादन र खाद्यान्न आयात गर्ने मुलुकमा नेपाल रूपान्तरित हुँदै छ। वास्तवमा गरिबी ग्रामीण क्षेत्रमै बढी देखिन्छ र खाद्य सुरक्षाको अभाव नै ग्रामीण क्षेत्रको गरिबी बढाउने वा भुँडी पूजाको समस्या बढाउने कारकका रूपमा देखापर्छ। नेपालमा भुँडी पूजाको समस्या देखिनुमा गरिबीका साथै अशिक्षा, अन्धविश्वास पनि हो। शिक्षाको कमीका कारण मानिसले बेरोजगार बन्नुपर्छ। बेरोजगार भएपछि केही आमदानी हुँदैन। पारिवारिक समस्याहरू एकपछि अर्को गर्दै थपिँदै जान्छन्। फलतः भुँडी पूजाको समस्या झन् झन् विकराल बन्दै जान्छ।

भुँडी पूजाको समस्या समाधानका लागि सरकारी तथा गैरसरकारी क्षेत्रले काम गर्दै आएका छन्। तर ती काम प्रभावकारी हुन सकेका छैनन्। सरकारले भुँडीपूजाका लागि तयार गरेका नीति नियमहरू कागजी खोस्टाका रूपमा मात्र देखिएका छन्। बनाएका नीति नियमलाई कडाइका साथ लागु गर्ने, उद्योगधन्दा खोल्ने, तालिम दिने, पर्यटनको विकास आदि कुराहरूमा ध्यान दिन सके नेपालमा भुँडी पूजाको समस्या समाधान हुन सक्छ।

गरिबीको कारण पिल्सिएका युवाहरू विदेशी भूमिमा गएर रगत पसिना बगाउन बाध्य छन्। सिप सिकेका र नसिकेका युवाहरू स्वदेशभन्दा विदेशमै पलायन हुन चाहन्छन्। यो देशका लागि दुर्भाग्य हो। यस किसिमको परम्परा कायमै रहने हो भने हाम्रो देशले कहिल्यै भुँडी पूजाको समस्या समाधान गर्न सक्दैन। स्वदेशमा रोजगार र स्वदेशमा श्रम गरी आफ्नो श्रमलाई विश्व बजारसम्ममा पुऱ्याउन सकेका खण्डमा मात्रै भुँडी पूजाको समस्या समाधान हुन सहज हुन्छ। यसका लागि सबैले ध्यानपूर्वक काम गर्नु आवश्यक छ।

३. **दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक समेत राख्नुहोस् :**

**नाम : भैरव अर्याल**

**जन्ममिति : वि.सं. १९९३ साल असोज ५ गते**

**जन्मस्थान : कुपन्डोल, ललितपुर**

**शिक्षा : एम.ए. सम्मको औपचारिक शिक्षा हासिल**

**पहिलो हास्यव्यङ्ग रचना : खोलापारिका पुरेत बाजे**

**प्रकाशित कृतिहरू : काउकुती, जयभुँडी, गलबन्दी, इतिश्री र दस औतार**

**प्रवृत्ति र विशेषताः**

- **नेपाली साहित्यका कथा, कविता, समालोचना, हास्यव्यङ्ग्य निबन्ध आदि विधामा सक्रिय रूपमा कलम चलाएका।**
- **हास्य र व्यङ्ग्यको मिश्रण गरी उत्कृष्ट निबन्ध सिर्जना गर्ने।**
- **देशभक्ति, समाज सुधार र मानवतावादी चिन्तनलाई निबन्धमा व्यक्त गर्ने।**
- **मानिसका खराब आचरण र दुर्व्यवहारप्रति तिखो व्यङ्ग्य प्रहार गर्ने।**
- **समय सापेक्ष रूपमा सटीक र मार्मिक निबन्ध लेख्ने।**

**मृत्युः वि.सं. २०३३ असोज १९ गते गोकर्ण काठमाडौं।**

**उत्तरः**

**साहित्यकार भैरव अर्याल**

नेपाली साहित्यमा विशेष योगदान पुऱ्याउने हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्यालको जन्म वि.सं. १९९३ साल असोज ५ गते भएको हो। ललितपुरको कुपन्डोलमा जन्मिएका अर्यालले एम.ए. सम्मको औपचारिक शिक्षा हासिल गरेका थिए। उनले 'खोलापारिका पुरेत बाजे' शीर्षकको रचनाबाट हास्यव्यङ्ग्यका क्षेत्रमा पहिलो पटक प्रवेश गरेका हुन्। अर्यालका 'काउकुती', 'जयभुँडी', 'गलबन्दी', 'इतिश्री' र 'दस औतार' आदि अनेक निबन्ध सङ्ग्रहहरू प्रकाशित छन्।

भैरव अर्यालले नेपाली साहित्यमा निबन्धका अतिरिक्त कथा, कविता र समालोचनाका क्षेत्रमा पनि कलम चलाएर योगदान पुऱ्याएका छन् । उनले हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा सबैभन्दा बढी सफलता पाएका छन् । हास्य अर्थात् हँसाउने कुरा र व्यङ्ग्य अर्थात् घुमाउरो भनाइलाई एकै ठाउँमा प्रयोग गर्न सक्ने क्षमता उनमा राम्रो किसिमको पाइन्छ । उनले देशभक्ति, समाज सुधार र मानवतावादी चिन्तनलाई समेत निबन्धमा व्यक्त गरेका छन् । त्यसैगरी उनले मानिसका खराब आचरण र दुर्व्यवहारप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् । खासगरी समाज सापेक्ष रूपमा सटीक र मार्मिक निबन्ध लेख्ने भैरव अर्याल हास्यव्यङ्ग्य निबन्ध क्षेत्रका मूर्धन्य प्रतिभाका रूपमा स्थापित छन् । उनको वि.सं. २०३३ साल असोज १९ गते काठमाडौँको गोकर्णमा असामयिक निधन भएको हो ।

❑❑❑

pushpac.com.np

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.